का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक २४७
❑ ११ कात्तिक २०७८, बिहीबार
❑ 28 October 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

## एमालेको ओरालो यात्रा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० कात्तिक

शपथ लिएको ७१ दिनपछि बागमती प्रदेशका मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले राजीनामा दिएकी छन् । बुधबार प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै शाक्यले पदबाट राजीनामा दिइन् । नेकपा एमालेका उपाध्यक्ष शाक्यले विश्वासको मत माग्दै २४ भदौमा प्रस्ताव पेश गरेकी थिइन् । यो बीचमा प्रस्ताव माथि छलफल भयो ।

बुधबार विश्वासको मत विभाजनको कार्यसूची थियो । तर मुख्यमन्त्री शाक्य मतदानसम्म पुगिनन् । संसद्लाई सम्बोधन गर्दै मुख्यमन्त्री पदबाट राजीनामा दिइन् । प्रदेश सरकार गुमाएको यो तेस्रो हो । यसअघि लुम्बिनी र गण्डकी प्रदेश सरकार गुमाएको थियो । लुम्बिनी र गण्डकी दुवैमा एमाले पहिलो दल हो । लुम्बिनीमा एमालेको ३७ र गण्डकीमा २७ सांसद छन् । तर नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा बीच गठबन्धन भएपछि लुम्बिनी र गण्डकीमा एमाले सरकाबाट बाहिरिएको थियो । कर्णाली र सुदूरपश्चिम प्रदेशमा पनि एमाले नै पहिलो दल हो ।

तर यी दुई प्रदेशमा माओवादी केन्द्र नेतृत्वको सरकार छ । कर्णालीमा एमाले सांसदहरुले फ्लोर क्रस गरेर माओवादी नेतृत्वको सरकारलाई बहुमत दिएको थियो । सुदूरपश्चिम प्रदेशको अवस्था पनि उस्तै छ । यो प्रदेशमा पनि एमाले पहिलो दल थियो । तर गएको २ भदौमा एमाले विभाजित भएपछि एमाले चौथो दल बन्न पुग्यो । यो प्रदेशमा एमालेबाट अलग भएको एकीकृत समाजवादी प्रदेशसभाकै ठूलो दल बनेको छ ।

शाक्यले पदबाट राजीनामा दिएपछि बागमतीमा नयाँ सरकार निर्माणको प्रक्रिया अगाडि बढेको छ । यो प्रदेशमा एकीकृत समाजवादीका नेता राजेन्द्र पाण्डे मुख्यमन्त्री बन्ने गठबन्धनमा सहमति जुटेको छ । पाण्डेले पूर्व पार्टी एमाले सरकारलाई प्रतिस्थापन गर्नेछन् ।

यसपछि प्रदेश-१ सरकार पनि एमालेले गुमाउँदैछ । प्रदेश १ र बागमतीमा एमाले विभाजन अगाडि एकल बहुमत थियो । तर पार्टी विभाजनसँगै दुवै प्रदेशबाट एमाले हट्दैछन् । बागमतीमा जस्तै प्रदेश १ का मुख्यमन्त्री भीम आचार्यले पनि विश्वासको मत लिने प्रक्रिया अगाडि बढाएका छन् । १५ कात्तिकमा प्रदेशसभा बैठक बोलाइएको छ । संभवतः त्यसैदिन मत विभाजन भए आचार्यले पद गुमाउनेछन् भने नयाँ सरकारको बाटो खुल्नेछ । यो प्रदेशमा पनि एकीकृत समाजवादीका नेता राजेन्द्र राई मुख्यमन्त्री बन्ने गठबन्धनमा सहमति जुटेको छ ।

प्रदेशहरु जस्तै संघमा पनि एमाले सरकार गुमेको थियो । पार्टी अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीको हैसियतमा दुई पटक संसद् विघटन गरे । बाँकी पृष्ठ २ मा

# महाअभियोगको माग



सर्वोच्च अदालतको नेतृत्व छोड्न प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा माथि दबाव बढिरहेका बेला महाअभियोगकै माग गरिएको छ । बृहत नागरिक आन्दोलनले प्रधानन्यायाधीश विरुद्ध महाअभियोग लगाउन माग गरेका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० कात्तिक ।

बृहत नागरिक आन्दोलनले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा विरुद्ध महाअभियोगको माग गरेका छन् । न्यायपालिकाको नेतृत्व गर्न जबरा असक्षमभ एकाले महाअभियोग लगाउन दलहरुको ध्यानाकर्षण गराएका छन् ।

"वर्तमान संकट निदानका लागि जागृत बार एशोसिएशनहरु, पूर्व प्रधान्यायाधीशहरु, बरिष्ठ अधिवक्ताहरु, न्यायाधीशहरु, नागरिक समाजको आह्वान समर्थन गर्दै हामी न्यायपालिकाको नेतृत्व दिन अक्षम प्रधान्यायाधीश जबरामाथि महाअभियोग लगाउन राजनीतिक दलहरुको ध्यानाकर्षण गर्दछौं", बक्तव्यमा भनिएको छ ।

असमयमै प्रतिनिधिसभा विघटन गर्ने पूर्ववर्ती सरकारको मतियार बनेकाले पनि जबरालाई महाअभियोग लगाउनुपर्ने नागरिक समाजको तर्क छ । यसअघि नै प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै न्यायिक क्षेत्र आन्दोलित बनेको छ । मंगलबार मात्रै चार जना पूर्व प्रधानन्यायाधीशहरुले संयुक्त बक्तव्य जारी गरी जबराको राजीनामा मागेका थिए । पूर्व न्यायाधीशहरुले पनि जबराको राजीनामा मागिरहेका छन् ।

गएको सोमबार देखि सर्वोच्च अदालतका १७ न्यायाधीशले इजलासमा समेत बसेका छैनन् । प्रधानन्यायाधीश जबराको राजीनामा माग्दै इजलासमा नबसेका हुन् । प्रधानन्यायाधीश जबराले प्रधानमन्त्री शेरबहादुर देउवासँग मन्त्रीको भागबण्डा लिएपछि उनको राजीनामा माग गरिएको छ । २२ असोजमा मन्त्रिपरिषद् बिस्तार गर्दै प्रधानमन्त्री देउवाले गैरसांसद गजेन्द्र हमाललाई उद्योग मन्त्री नियुक्त गरेका थिए । हमाल जबराको कोटाबाट मन्त्री भएको भनी चर्को आलोचना भयो । आलोचना पछि तीन दिनभित्रै हमालले मन्त्री पदबाट राजीनामा दिए ।

तर नेपाल बार एशोसिएशनले आन्दोलनको तयारी थाल्यो । यो सूचना पाएपछि जबराले आइतबार बारका पदाधिकारीसँग छलफल गरेका थिए । त्यसबेला जबराले गोलाप्रथाबाट इजलास तोक्ने प्रतिबद्धता जनाए । बरिष्ठ अधिबक्ताको उपाधि दिन भन्दै सोमबार फुलकोर्ट नै बोलाए । जबरा अधिबक्ताहरुलाई मिलाउनेतिर लागेपछि सर्वोच्चका न्यायाधीशहरुले नै फुलकोर्ट बहिष्कार गरे ।

त्यसपछि न्यायाधीशहरु इजलासमा बसेका छैनन् । तर जबराले भने राजीनामा नदिने, बरु महाअभियोग लगाउन चेतावनी दिएका छन् । मंगलबार न्यायाधीशहरुसँग जबराले सडकबाट दबाव दिदैमा राजीनामा नदिने बताए । यो सँगै, जबरा विरुद्धको आवाज थप सशक्त भएको छ । बुधबार नै नेपाल बार, बार सल्लाहकार समिति, सर्वोच्च बारले राजीनामा दिन माग गरेको छ । राजीनामा नदिए बहस नगर्ने र देशब्यापी आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

## काँग्रेसमा मुर्छित लोकतन्त्र

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १० कात्तिक

सत्तारुढ दल नेपाली काँग्रेसको १४औं महाधिवेशन फेरि सरेको छ । निर्वाचन समितिको बुधबार बैठकले महाधिवेशन कार्यतालिका हेरफेर गरेको हो । परिवर्तित तालिका अनुसार, अब काँग्रेसको महाधिवेशन आगामी २७ मंसिर-१ पुसमा हुनेछ । यसअघि काँग्रेसले ९-१३ मंसिरमा महाधिवेशन गर्ने मिति तय गरेको थियो । तर वडा अधिवेशन समेत नसकिएपछि १८ दिन महाधिवेशन सार्ने निर्णय निर्वाचन समितिले गरेको छ ।

काँग्रेसको नयाँ कार्यतालिका अनुसार, २७ कात्तिकभित्र वडा अधिवेशन गरिसकिनेछ । ३० कात्तिकभित्र पालिका अधिवेशन हुनेछ । काँग्रेसले १३ जिल्लामा वडा र पालिकाको अधिवेशन गर्न सकेको छैन । कतिपय जिल्ला अधिवेशन सकिदा पनि क्रियाशील सदस्यता विवाद हल हुन नसक्दा वडा र पालिका अधिवेशन हुन सकेको छैन । ३ मंसिरमा प्रदेशसभा निर्वाचन क्षेत्रको अधिवेशन हुनेछ । ६ मंसिरमा प्रतिनिधिसभा निर्वाचन क्षेत्रको अधिवेशन हुनेछ । १० मंसिरमा जिल्ला अधिवेशन हुनेछ । १६-१७ मंसिरमा प्रदेशसभा अधिवेशन हुनेछ । काँग्रेसले पहिलोपटक प्रदेश अधिवेशन गर्न लागेको हो । भदौ यता मात्रै काँग्रेसले यो सहित तीन पटक महाधिवेशनको मिति सारेको हो । संवैधानिक अवधिभित्र महाधिवेशन गर्न काँग्रेसले भदौमा महाधिवेशनको मिति तोकेको थियो । तर भदौमा महाधिवेशन गर्न नसकेको काँग्रेसले ९-१३ मंसिरमा महाधिवेशनको मिति तय गऱ्यो । तर उक्त मितिमा पनि महाधिवेशन गराउन सकेन ।

यसअघि पनि काँग्रेसले पटकपटक महाधिवेशनको मिति सार्दै आएको छ । तर पार्टीको वैधानिकता जोगाउन भनेर काँग्रेसले १८ भदौदेखि अधिवेशन शुरु गरेको छ । निर्वाचन आयोगलाई महाधिवेशन शुरु भइसकेको जानकारी दिएर मंसिरमा महाधिवेशन सक्ने जानकारी दिएको थियो । किनकि २३ भदौमा कांग्रेसको वैधानिकता सकिने थियो ।

तर सर्वोच्च अदालतको फुल कोर्टले कोरोना महामारीका कारण चार महिनालाई राजनीतिक गतिविधिको शून्य अवधि मान्ने फैसला सुनाएको थियो । त्यही शून्य अवधिलाई टेकेर कांग्रेसले निर्वाचन आयोगका पदाधिकारीलाई सहमत गराएको थियो । तर फेरि महाधिवेशन



नेतृत्व हत्याउने दाउ सहित नेताहरुको अडान कायमै रहँदा सत्तारुढ दल नेपाली काँग्रेसको फेरि पनि महाधिवेशन कार्यतालिका हेरफेर भएको छ । गएको १८ भदौमा गरिने भनिएको वडा अधिवेशन क्रियाशील सदस्यता विवादकै कारण सम्पन्न हुन नसक्दा काँग्रेसको महाधिवेशन फेरि प्रभावित बनेको छ ।

गराउन सकेन । काँग्रेसको विधानले भने चार वर्षभित्र महाधिवेशन गराउनुपर्ने थियो । तर चार वर्षभित्र काँग्रेसले दुई महिनाभित्र गरिसक्नुपर्ने विभाग गठन समेत सकेन ।

१४औं महाधिवेशनबाट नेतृत्व हत्याउन नेताहरुको स्वार्थका कारण पार्टी विधानअनुसार महाधिवेशन गराउन सकेन । ११ चैत २०७६ बाट महामारी रोकथामका निम्ति देशब्यापी लकडाउन गऱ्यो । यसपछि काँग्रेसले महाधिवेशन गराउने अनेक प्रयत्न गरेपनि असफल हुँदै आएको छ ।

## 'कम्बाइन हार्भेस्टर'ले भन्सार प्रशासन अन्योलमा

**विभा शर्मा/मध्यान्ह**
काठमाण्डौ १० कात्तिक ।

सरकारले आयातमा रोक लगाएको कम्बाइन हार्भेस्टर भन्सार नाकाहरुबाटै जाँच पास हुने गरेको रहस्य खुलेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता ओमप्रकाश खनालका अनुसार भन्सार ऐनले प्रतिवन्ध लगाएको कम्बाइन हार्भेस्टर मेसिन आयात गरिएको सूचना पाएपछि प्रहरीले गत बिहीबार राति १० बजे वीरगंज-२१ परवानीपुर चोकबाट ती दुई थान हार्भेस्टर नियन्त्रणमा लिएको थियो ।

त्यसलगत्तै गत शुक्रबार बिहान राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाउन खोज्दा कार्यालयले बुझ्न अस्विकार गरेपछि यो घटना थप रहस्यमय बनेको छ । राजश्व अनुसन्धान कार्यालयले बुझ्न नमानेपछि गत आइतवार वीरगञ्ज भन्सार कार्यालयमा बुझाउन पठाइएको थियो । तर, भन्सार कार्यालयले पनि बुझ्न अस्विकार गरेपछि पर्सा प्रहरीले अहिले उक्त हार्भेस्टर बसपार्कमा राखेर सुरक्षा दिइरहेको छ ।

प्रतिवन्धित गाडीहरु पक्राउ गरेर बुझाउँदा पनि राजश्व अनुसन्धान र प्रहरी कार्यालयले नै बुझ्न अस्विकार गरेपछि अहिले प्रहरीकै उच्च अधिकारीहरु पनि आश्चर्यमा परेका छन् । 'प्रहरीको काम पक्राउ गरेर सम्वन्धित निकायमा बुझाउने हो । तर, राजश्व छलेर आयात गरेका प्रतिबन्धित हार्भेस्टरहरु समातेर बुझाउन खोज्दा राजश्व र भन्सार प्रशासनकै अधिकारीहरुले हामीलाई मतलव छैन्, तिमीहरु जे गर्छौ गर भन्छन् भने हामीले के गर्ने ?' पर्सा प्रहरीका एक अधिकारीले नाम उल्लेख नगर्न अनुरोध गर्दै मध्यान्हसँग भने ।

सिमरन ब्रान्डको ती कम्बाइन हार्भेस्टर भारतको भारतको पंजाब प्राप्तको नाभा जिल्लाको मुण्डे मेकानिकल वर्क्सबाट रुपन्देहीको फैज ट्रेड लिंकले आयात गरेको हो । पन्जाबबाट सुनौली नाका नजिक पर्ने पनि गैरकानुनी रुपमा ती मेसिनहरु त्यो नाकाबाट भित्र्याउन नसके अयातकर्ताले घुस खुवाएर टाढाको नाका वीरगंजबाट उक्त आयात गरेका हुन् । त्यसक्रममा कम्तिमा १ लाखरुपैंयासम्म कमिसन खाएको सूचना पाएको भन्सार विभाग एक अधिकारी बताउंछन् ।

प्रतिगोटा २९ लाख ९० हजार मूल्य अंकित ती गाडीहरु आयात गर्दा भन्सार बाँकी पृष्ठ २ मा

# आबुधावी घोषणापत्र जारी

## कामदारको सीप र सुरक्षामाथि विशेष जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० कात्तिक






छैटौं श्रममन्त्रीस्तरीय 'आबुधाबी डायलग'को बैठकले आप्रवासी कामदारको सीप र सुरक्षामाथि विशेष जोड दिन आग्रह गरेको छ । संयुक्त अरब इमिरेट्स (यूएई) मा सोमबारदेखि आयोजित छैटौं श्रममन्त्रीस्तरीय 'आबुधाबी डायलग'को बैठकले बुधबार साँझ आबुधावी घोषणापत्र जारी गरेको छ । घोषणापत्रमा वैधानिक कामदारको सीप विकास र सामाजिक सुरक्षा, रोजगारको पहिचान र सुरक्षा तथा आप्रवासी कामदार प्रशासनका लागि डिजिटाइजेशनमा जोड दिएको छ ।

मन्त्रीस्तरीय बैठकले आबुधावी डायलगको अध्यक्षता पाकिस्तानलाई हस्तान्तरण गरेको छ । पाकिस्तानलाई आबुधाबी डायलगको अध्यक्षताका लागि नेपालले विशेष आग्रह गरेको थियो । अध्यक्षता ग्रहण गर्दै पाकिस्तानका उद्योगमन्त्री मखदम खुश्रो बख्तयारले नेपालप्रति विशेष आभार जनाए ।

आबुधाबी डायलगको मन्त्रीस्तरीय औपचारिक कार्यक्रम बुधबार साँझ सकिएपनि बिहीबार आयोजक यूएईले अतिथिहरूलाई दिनभर नै एक्स्पो २०२० भ्रमण गराउने छ ।

बैठकलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले सम्बोधन गरेका छन् । कोरोना भाइरस महामारीका कारण रोजगारी गुमाएर स्वदेश फर्किएका कामदारको सामाजिक र आर्थिक जीवनलाई सुधार गर्न गन्तव्य देशले आर्थिक तथा प्राविधिक सहयोग गर्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिएका छन् ।

त्यसैगरी मन्त्री श्रेष्ठले न्युनतम पारिश्रमिक बढाउनुका साथै निःशुल्क खान बस्न व्यवस्था गर्नुपर्ने, आप्रवासी श्रमिकको कार्यस्थल सुरक्षालाई सुनिश्चित गर्नुपर्ने, विज्ञान बाँकी पृष्ठ २ मा

**Staff Requirement- Urgent**

A Leading Manpower agency in Kathmandu is Seeking for following Positions. Qualified applicants may apply by submitting their bio data on:**info.pukaragency@gmail.com**

**Office Secretary - (Female) 2 Nos**
Requirements
- Must have experience in same field.
- Fluent in Word, Excel and Email Operation.

**Documentation (Dofe Depart) - (Male/Female) Nos 1**
Requirements
- Must have experience in same field.
- Fluent in FEIMS portal Operation& Word, Excel and Email Operation.
- Education Must have Minimum 10+2.

**Receptionist - (Female) 2 Nos**
Requirements
- Must have experience in same field.
- Should Know about documentation/ Fluent in Word, Excel and Email Operation.
- Must have experience to deal with Candidates.

With Attractive Salary Selection Interview 31 October 2021

**पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं
फोन: ४९८८७५४, ४९८८७५५ Mobile: 9803567829

**म्यानपावर चाहियो**

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको, मेनपावर चाहिएकोले बिक्री गर्न चाहने ईच्छुक व्यक्तिहरुले तु–सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८१८२७७९७८

**तु- आवश्यकता**

यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

| सि.नं. | आवश्यक पद | संख्या |
|---|---|---|
| १. | डकुमेन्टेसन स्टाफ | ३ म/पु |
| २. | रिसेप्सनिष्ट | १ महिला |
| ३. | एकाउन्टेन्ट | १ म/पु |
| ४. | पी.आर.ओ. | ३ म/पु |

तलब आपसी सहमतिमा

नोटः मेनपावर क्षेत्रमा अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिईने छ ।

**R.B. RECRUITMENT SERVICES PVT. LTD.**
Chabahil- 7, (Near By KL Tower), KTM
Phone : 01-4495967, 01-4468206
Mob.: 9851070392, 9851096571
श्रम ई. पत्र नं. ९२९/०६७/०६८
E-mail: documentsrbrs@gmail.com



**सरसफाईमा जुटे महिला**

ललितपुरको ऐतिहासिक पाटन दरबार क्षेत्रमा अवस्थित भीमसेन मन्दिरको तोरण सफा गर्दै महिला ।

*तस्बिर : रासस*

# रौतहटमा महिनौदेखि प्रअ बेपत्ता, विद्यार्थीको भविष्य अन्योल

**इस्तयाक अहमद/रौतहट**
रौतहट, १० कात्तिक

रौतहटको एक विद्यालयमा महिनौदेखि प्रधानाध्यापक बेपत्ता हुँदा विद्यार्थीहरुको भविष्य नै अन्योलमा परेको छ। जिल्लाको इशनाथ नगर पालिका वडा नं. ७ स्थित विशेश्वर प्रसाद प्रसाद कोइराला आदर्श उच्च माध्यमिक विद्यालयमा विगत एक महिनादेखि प्रधानाध्यापक राकेश ठाकुर विद्यालयमा हाजिर भएका छैनन् ।



प्रधानाध्यापक ठाकुर विद्यालय नआई फरार रहेकोले विद्यालयको पठनपाठन पूर्ण रुपमा बन्द भएको छ । विद्यालयमा अध्यनरत विद्यार्थीहरुका अभिभावकद्वारा बन्द गरेको ताल्चा खुलाइएको छ ।कात्तिक २० गते विद्यालयको सम्पूर्ण हिसाब दिने, समयमा विद्यालय सञ्चालन गरी अधुरो सम्झौता गरिएको छ । गत वर्ष कोभिड-१९ को महामारीको समयमा विद्यार्थीहरुको पठनपाठन प्रभावित भएको र छोटो समयको लागि विद्यालय खुल्ला भएतापनि विद्यालय सञ्चालन पूर्णरूपमा ठप्प रहेको हुनाले विद्यालयमा ताला लगाइएको थियो ।

विगत लामो समयदेखि विद्यालय सञ्चालन हुन नसक्दा सयौं विद्यार्थीहरुको भविष्यको जिम्मा कसले लिने हो ? भन्दै अभिभावकहरू चिन्तित बनेका छन् । यसरी विद्यालयको गैर जिम्मेवारीको विषयमा सम्बधित निकायहरूमा पटक-पटक जानकारी गराउँदासमेत केही चासो नलिइएको भन्दै अभिभावकहरू आक्रोशित भएका छन् ।

# नेकपा एसको कार्ययोजना कार्यान्वयनका लागि निर्देशन

**काठमाडौं/मस**–नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले अन्तरपार्टी निर्देशन मार्फत देशभरका सम्पूर्ण पार्टी कमिटी एवं संगठनलाई २४ बुँदे तत्कालीन कार्ययोजना कार्यान्वयनका लागि निर्देशन दिएको छ। आगामी तीन महिनाभित्र सबै प्रदेश, जिल्ला, संघीय तथा प्रदेश निर्वाचन क्षेत्र, महानगर, उपमहानगर, नगरपालिका, गाउँपालिका तथा सबै वडामा पार्टी कमिटी गठन गर्न परिपत्र गरिएको छ ।




सोही अभियानअन्तर्गत 'एक वडा एक सय सङ्गठित सदस्य र एक हजार पार्टी सदस्य' अभियान सञ्चालन गरिने छ । त्यसअन्तर्गत जनसंगठनका कमिटी पनि पर्दछ । विविध कारणले एकीकृत समाजवादी पार्टीमा सनाखत गरी आउन असमर्थ देखिएका जनप्रतिनिधिलाई पार्टीमा प्रवेश गराउन, सहयोगी बनाउन तथा मित्रवत् वातावरण निर्माण गर्न पहल गर्नेसहितका विषय तत्कालीन कार्ययोजनामा समावेश गरि एको छ। पार्टीका प्रचार विभाग प्रमुख जगन्नथ खतिवडाले बुधबार जारी गरेको विज्ञप्तिमा गत असोजको पहिलो र तेस्रो सातामा काठमाडौंमा सम्पन्न केन्द्रीय कमिटीको प्रथम बैठक र स्थायी कमिटीको सातौं बैठकले गरेका निर्णयलाई यही कात्तिक ९ गते अपानिमा निर्देशन गरिएको उल्लेख गरिएको छ ।

त्यसैगरी सरकारमा रहेर देश र जनताको निम्ति राम्रो काम गर्न पार्टीको तर्फबाट संघीय सरकारमा सहभागी मन्त्रीलाई इमान्दार र कर्तव्यनिष्ठ भएर काम गर्न पार्टी अध्यक्ष माधवकुमार नेपालले निर्देशन दिएका छन् ।

राष्ट्र र जनताको हितलाई केन्द्रविन्दुमा राखेर काम गर्न, निजी स्वार्थ, अनियमितता र भ्रष्टाचारबाट मुक्त रहन, योग्यता, क्षमता र कार्यसम्पादनमा उत्कृष्टताका आधारमा व्यक्तिको छनोट गरी जिम्मेवारी दिन, विवादमा पर्ने कुनै पनि काम नगर्न, स्वच्छ र सादा जीवन, असल आचरण र संस्कारको अवलम्बन गर्न, पार्टीको नेतृत्व र सम्बन्धित विभागसँग समन्वय गरी काम गर्न र पार्टीको निर्देशन र सल्लाहलाई पालना गर्न, सम्बन्धित क्षेत्रका विज्ञ तथा अनुभवी व्यक्तिबाट नियमितरूपमा राय परामर्श लिन, नेता, कार्यकर्तासँग जीवन्त सम्पर्क राखी छिटोछरितो ढंगले काम गर्न, पाँच दलीय गठबन्धनको भावनाअनुरूप अन्य दलसँग सहकार्य गर्न, उपयुक्त निर्देशन प्रदेश सरकारका मन्त्रीले पनि पालना गर्नसमेत निर्देशन गरिएको छ ।

पार्टीले विभिन्न मापदण्डका आधारमा ३३५ केन्द्रीय सदस्य मनोनीत गरेको छ । केन्द्रीय सदस्य मनोनयन विधिअनुसार, केन्द्रीय कमिटीका पूर्वसदस्य (एमालेकालीन), नेकपा हुँदाको केन्द्रीय कमिटीका सदस्य, नवौं महाधिवेशनमा केन्द्रीय कमिटी/आयोग सदस्यका उम्मेदवार बनेका, राष्ट्रिय प्रतिनिधि परिषद्का पूर्वसदस्य, जिल्ला कमिटीको प्रमुख भइसकेका, महिलाको हकमा जिल्ला कमिटी सदस्य भएकासम्म र विभिन्न जनसंगठनका केन्द्रीय पदाधिकारी भएकामध्येबाट केन्द्रीय सदस्य मनोनयन गरी कार्यविभाजन गरिएको छ ।

उक्त अपानिमा प्रदेश कमिटीको संयोजनमा जिल्लाका इन्चार्ज र सहइन्चार्जबीच संघीय र प्रदेश निर्वाचन क्षेत्र हेर्ने गरी जिम्मेवारी बाँडफाँट गरेर काम गर्नुपर्नेछ । केन्द्रीय कमिटीका हरेक सदस्यले पार्टी सदस्यता वितरण र संगठन निर्माणको विशेष योजना बनाएर काम गर्ने र प्रत्येक महिना आफूले गरेको कामको लिखित रिपोर्ट पार्टी केन्द्रमा बुझाउनुपर्नेछ । उपरोक्त कामको आधारमा केन्द्रीय कमिटीका सदस्यको मूल्यांकन हुनेछ ।

## 'जबज' लाई पाठ्यक्रममा समावेशको पहल

**काठमाडौं/मस**–जननेता मदनकुमार भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद' का विशेषतालाई विश्वविद्यालय शिक्षाका पाठ्यक्रममा समावेश गर्न विभिन्न विषय विज्ञ र विभागीय प्रमुखसँग परामर्श भएको छ ।

मदन भण्डारी फाउण्डेशनको आयोजनामा बुधबार भएको कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका केन्द्रीय नेपाली विभाग, आमसञ्चार तथा पत्रकारिता विभाग, जल तथा मौसम विभाग, अर्थशास्त्र, समाजशास्त्र, भूगोल, इतिहासलगायत विभागका प्रमुख तथा प्राध्यापकको सहभागिता थियो। कार्यक्रममा नेकपा (एमाले) का स्थायी कमिटी सदस्य शंकर पोखरेलले जबजलाई एमालेले पार्टीको मार्गदर्शन सिद्धान्त बनाए पनि यो मुलुक र विश्व कम्युनिष्ट आन्दोलनका लागि एक मौलिक सिद्धान्त भएकाले यसलाई केन्द्रमा राखेर विश्वविद्यालयमा अध्ययन, अनुसन्धान गर्न गराउन आवश्यक रहेको बताए ।

शान्तिपूर्ण बहुदलीय राजनीतिक प्रतिस्पर्धात्मक प्रणाली, मानव अधिकार, प्रेस स्वतन्त्रता, मौलिक अधिकारलगायका १४ विशेषतायुक्त जबजलाई अप्रत्यक्षरुपमा नेपालका सबै दलले कार्यान्वयन गरिरहेको उनको भनाइ छ ।

कार्यक्रममा फाउण्डेशनका अध्यक्ष उषाकिरण भण्डारीले जबजलाई विश्वविद्यालय शिक्षामा लागू गराउन विभिन्न विश्वविद्यालयसँग सम्झौता गरी काम शुरु भएको बताए। एमालेका तत्कालीन महासचिव भण्डारीबाट प्रस्तुत पार्टीको २०४९ माघमा भएको पाँचौं राष्ट्रिय महाधिवेशनमा 'नेपाली क्रान्तिको कार्यक्रम : जनताको बहुदलीय जनवाद' पारित भएको थियो ।

# मादीका बाढी पीडितलाई प्रदेश सरकारको राहत

**पोखरा/मस**–गण्डकी प्रदेश सरकारले कास्कीको मादी गाउँपालिका १, सोंदा र आसपासका बाढीपीडितलाई राहत रकम प्रदान गरेको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल बुधबार सोंदामै पुगेर राहत रकम हस्तान्तरण गरेका हुन् ।



असार १ गते मादी नदीमा आएको बाढीले घरबाट पूर्ण क्षति पुऱ्याएका ११ घर परिवारलाई जनही १ लाख रुपैयाँका दरले मुख्यमन्त्री पोखरेलले राहत हस्तान्तरण गरेका हुन् । बाढी पहिरोले घर पूर्ण क्षति पुऱ्याउनेहरुलाई मनाङको हकमा २ लाख र अरु जिल्लाका हकमा १ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय प्रदेश सरकारले गरेको थियो । भौमाया जैशी, चित्रकुमार गुरुङसेनी, टेकबहादुर गुरुङ, पुष्पा गुरुङ, हर्कबहादुर गुरुङ, लक्ष्मी गुरुङ, चित्रबहादुर गुरुङ, बोधराज बराल, हुमप्रसाद गुरुङ, केशबहादुर गुरुङ, दूधराज गुरुङलाई उक्त अवसरमा राहत प्रदान गरिएको हो।

कार्यक्रममा मुख्यमन्त्री पोखरेलले प्रदेश सरकार जहिले पनि नागरिकको सुख दुखमा सँधै साथमा रहेको बताए । उनले भने, '३ तहका सरकारका आआफ्नै दायित्व र अधिकार क्षेत्र छन्, प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र रहेर क्षमताले धानेसम्म दायित्व निर्वाह गर्न तत्पर छ ।' आफू सरकारको नेतृत्वमा आएलगत्तै बाढीपहिरोको प्रकोप सुरु भएको स्मरण गर्दै उनले पीडितलाई तत्काल राहत प्रदान गर्नेदेखि स्थायी रुपमा समस्या समाधानका लागि सरकार प्रतिबद्ध रहेको बताए ।

बाढी पहिरोले मादीमा धेरै क्षति भएको आफूले देखिसकेको भन्दै उनले बाढी लगत्तै बाटोघाटो खुलाउनका लागि केही रकम प्रदान गरेको र अब पनि थप र कमका लागि पहल गर्ने प्रतिबद्धता जनाए । विकास र सहयोगका काममा कसैले पनि राजनीति गर्न नहुने उनले बताए । चुनाव लड्ने बेलामा आफ्ना राजनीतिक एजेन्डा राख्ने कुरा स्वाभाविक भए पनि चुनाव जितेपछि नागरिककै सेवामा प्रतिबद्ध रहनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा बिना विभागीय मन्त्री डोवाटे विश्वकर्माले २०७२ सालको भूकम्पपछि मुलुकमा धेरैथरी विपत्ती आएको भन्दै यी विपत्तीलाई सामना गर्न सबै एक भएर लाग्नुपर्नेमा जोड दिए । पूर्वमन्त्री एवं नेपाली कांग्रेसका नेता यज्ञबहादुर थापाले मुख्यमन्त्रीले पीडितको घरदैलोमै पुगेर राहत वितरण गर्दा नागरिकले प्रदेश सरकारको अनुभूति गरेको बताए । बाढीले क्षति पुऱ्याएका संरचनाको पुनर्निर्माण र बाटोघाटोको प्रवन्धका लागि उनले ध्यानाकर्षण गराए । असारको सुरुमै सिक्लेसको पहिरोले परी भेडीगोठमा क्षति पुगेको भन्दै राहतको लागि प्रदेश सरकारसँग आग्रह गरे ।

गण्डकी प्रदेश सभामा माओवादी केन्द्रका तर्फबाट प्रमुख सचेतक गायत्री गुरुङले बाढी आएदेखि नै आफूहरुले मुख्यमन्त्रीको ध्यानाकर्षण गराएको भन्दै ढिलै भए पनि राहत वितरण हुँदा खुसी लागेको बताइन् । समस्याको दीर्घकालीन रुपमा समाधान गर्न आफूले पहल गर्ने प्रतिबद्धता उनले जनाइन् । संविधान सभा सदस्य तेजकुमारी पौडेलले बाढीले क्षति पुऱ्याएपछि आफूहरु स्थलगत अनुगमनमा पुगेको र राहतका लागि पहल गरेको उल्लेख गरिन् ।

गण्डकी प्रदेशका प्रमुख सचिव डा. दामोदर रेग्मीले प्रक्रिया पूरा गर्ने क्रममा राहत वितरण गर्न केही ढिलाइ भएको बताए। बाढीपहिरोले घर पूर्ण क्षति पुऱ्याउनेका हकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पनि रकम उपलब्ध गराउने भएकाले यसका लागि जनप्रतिनिधिले पहल गरिदिन आग्रह आग्रह गरे ।

उक्त अवसरमा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाही, मादी गाउँपालिका १ का वडाध्यक्ष सुरज गुरुङ, वडा नम्बर ७ का वडाध्यक्ष लालबहादुर गुरुङ लगायतले बोलेका थिए ।

# एमाले र माओवादी कार्यकर्ता कांग्रेस प्रवेश

**कमल खड्का/मध्यान्ह**
रोल्पा, १० कात्तिक

रोल्पाको रुन्टीगढी गाउँपालिका वडा ६ खारामा नेकपा एमाले र माओवादी केन्द्र परित्याग गरी एक हुल कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । बुधबार एक कार्यक्रमका बीच उनीहरु कांग्रेसमा प्रवेश गरेका हुन् ।



नयाँ प्रवेशीहरुमा मोहन गिरी, खुमबहादुर घर्ती, मिलन घर्ती, गुमानसिङ घर्ती, शरण घर्ती, शन्त कुमार थापा, केशर घर्ती मगर, नारायण घर्ती, दलबहादुर घर्ती, हिरालाल घर्ती, धनराज सार्की, रेगबहादुर घर्ती, धनबहादुर घर्ती, ओमलाल घर्ती, दलसिंह घर्ती, काशीराम थापा, प्रेमबहादुर केसी, गिरलाल पुन र लोक बहादुर थापा रहेका छन् ।

साथै अवसर दिएर कम्युनिष्ट पार्टीलाई सत्ता र शक्तिमा पुऱ्याउँदा समेत समृद्धि र विकासमा ध्यानाकर्षण नहुँदा आफुहरु पार्टी परिवर्तन गर्न बाध्य भएको उनीहरु बताउँछन् ।

नेकपाका केही जनप्रतिनिधिहरुले झुटा आश्वासन देखाएर जनताई झुक्याउने काम गरेको समेत उनीहरुले आरोप लगाए । कुरा गर्दा अहिले नै गरि हाल्ने झैं गर्ने तर गर्नुपर्ने समय आएपछि भोलि पर्सि भन्दै टार्ने गरेको समेत उनीहरुको आरोप छ।

रुन्टीगढी ६ बाटै निर्वाचित जनप्रतिनिधि हुँदा समेत कुनै विकासका लहरहरु खाराबासीका लागि नआएको र उल्टै प्राकृतिले दिएको सम्पत्तिमाथि हस्तक्षेप गर्न खोजेको उनीहरुले बताए ।

त्यस्तै एक कार्यक्रमकाबीच नव प्रवेशीलाई नेपाली कांग्रेस रुन्टीगढी गाउँपालिकाले स्वागत गरेको कांग्रेस गाउँपालिका सभापति जनक पुनले मध्यान्हलाई जानकारी दिए ।

## एमालेको ....

जसको कारण तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन भयो । पछि एकता प्रक्रिया नै भंग भयो । नेकपा मात्रै नभएर एमाले समेत विभाजन भएपछि ओलीले सरकार गुमाए । जबकी २७४ सदस्यीय प्रतिनिधिसभामा एमाले एक्लैको १२१ सांसद थियो। तर त्यसमध्ये २३ सांसदले पार्टी छोडेका छन् ।

## "कम्बाइन...

विभागको २०७१ कात्तिक ११ को परिपत्रलाई आधार बनाइएको बताइएको छ ।

त्यसबेला स्ट्र कलेक्टर वा बेलर बिनाको कम्बाइन हार्भेस्टर भित्रियाउँदा बाली काट्दा पराल वा गहुँको छवालीलाई वातावरण प्रदुषण नहुने शर्तसहित आयात गर्न स्वीकृति गर्ने व्यवस्था गरिएको थियो । आयात कर्ता र भन्सार अधिकारीहरुले त्यही आधारमा उक्त मेसिनको जाँचपास गरिएको भन्सार स्रोतको दावी छ । जबकी २०७६ असार २ गते प्रकाशित राजपत्रको सूचनाको भाग ५ खण्ड ६९ को संख्या ११ को दफा ४ उल्लेख गरिको 'पैठारीका लागि पूर्ण बन्देज लागेको बस्तु'को सूचीमा कम्बाइन हार्भेस्टरको नाम उल्लेख गरिएको छ ।

तत्कालिन अर्थमन्त्री डा.युवराज खतिवडाको प्रस्तावमा सरकारले २ वर्ष अगाडि नै सबै खालका कम्वाइन हार्भेस्टरको आयातमा पूर्णरुपमा प्रतिवन्ध लगाएको थियो। २०७६ असार २ गते प्रकाशित राजपत्रको सूचनाको भाग ५ खण्ड ६९ को संख्या ११ को दफा ४ उल्लेख गरिको 'पैठारीका लागि पूर्ण बन्देज लागेको बस्तु'को सूचीमा कम्बाइन हार्भेस्टरको नाम उल्लेख गरिएको छ। तत्कालिन अर्थमन्त्री खतिवडाले नेपालमा कम्वाइन हार्भेस्टरको प्रयोग नै गर्ने गरि कृषि उत्पादन नभएकोले त्यसलाई प्रतिवन्ध लगाउनु परेको बताएका थिए । साथै उनले व्यापारीले कृषिजन्य सामाग्रि भन्दै भन्सार छुटको लागि कम्बाइन हार्भेस्टर आयात गरेको कागज पत्र तयार गरेर अन्य प्रयोजनमा उपयोग हुने गाडीहरु आयात गर्ने गरिएको बताउने गरेका थिए ।

त्यो प्रतिवन्धसंगै नेपालमा कम्वाइन हार्भेस्टरको आयात भएको रेकर्ड छैन । तर, पछिल्लो पटक केही दिन अघि मुलुकको प्रमुख भन्सार नाकाको रुपमा चिनिने वीरगंज भन्सार कार्यालयबाट दुई थान प्रतिबन्धित कम्बाइन हार्भेस्टरको जाँचपास भएको घटना सार्वजनिक भएपछि अर्थमन्त्रालयका अधिकारीहरु नै आश्चर्यमा परेका छन् ।

खाली हार्भेस्टरको ३० लाख देखि ३५ लाख र स्ट्र कलेक्टर वा बेलरसहितको ल्याइयो भने थप २५ लाख रहेको बताइन्छ। त्यसकारण कम दाममा सामान ल्याएर बेच्ने नियतले आयातकर्ताहरु ऐन मिचेर स्ट्र कलेक्टर वा बेलर बिनाको कम्बाइन हार्भेस्टर मगाउने गरेको सरोकारवाला कृषि उद्यमीहरु बताउंछन् ।

स्रोतका अनुसार प्रति मेसिन १ लाख घुस दिएर प्रतिबन्धित कम्बाइन हार्भेस्टर जाँचपास गराइएको छ । स्रोतका अनुसार यस्तै थप तीन वटा कम्बाइन हार्भेष्टर हाल वीरगंज भन्सार आसपासमा राखेर जाँचपासको प्रकृया शुरु गरिएको छ ।

## आबुधावी...

र प्रविधिमा आएको नवीनता अनुसार कामदारको सीप र क्षमता विकासका कार्यक्रम गर्नुपर्ने, आप्रवासी कामदारको कोरोना परीक्षण निःशुल्क गर्नेपर्ने, क्वारेन्टिन तथा आइसोलेसन सेन्टरमा कुनै शुल्क नलिने व्यवस्था गर्न प्रस्ताव गरेका छन् ।

आबुधाबी डायलगमा नेपालबाट मन्त्री श्रेष्ठको नेतृत्वमा मन्त्रालयका सचिव सूर्यप्रसाद गौतम र उपसचिव थानेश्वर भुसाल सहभागी छन् ।

UAE मा वैदेशिक रोजगार | १. कम्पनी: BIN HINDI SECURITY SERVICES, AJMAN

पूर्व स्वीकृत मिति: २०७८/०७/१० चलानी नं.: ६०१६६३९६ L.T. No.: 249432

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 55 | 15 | स. काममा दक्ष | 2000 | ६५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: WORKZ MEDIA FZ-LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/१० चलानी नं.: ६०१६६३९५ L.T. No.: 249433

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | 20 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २६,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Computer Programmer | 1 | 0 | | 3000 | ९७,७१० | | | | | | | |
| 3. | Printer General | 10 | 0 | | 1000 | ३२,५७० | | | | | | | |

३. कम्पनी: AMINCO SECURITY SERVICES शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०७/१० चलानी नं.: ६०१६६३९४ L.T. No.: 249417

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 40 | 0 | स. काममा दक्ष | 1600 | ५२,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक १८ गते (4 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
इजाजत पत्र नं. ६५७/०६३/०६४
Ph.: 4362686, 4385786, 4385784, 9801059991, 9801059992, 9801059993 9801059994, 9801059997, 9855046574,
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal

# तेस्रो किरात राई अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा



दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, १० कात्तिक

किरात राईहरुको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा हुने भएको छ।

किरात राई अन्तर्राष्ट्रिय समन्वय समितिको आयोजनामा यहि कात्तिक २७ गतेबाट तीन दिनसम्म राष्ट्रिय सभागृहमा हुने सम्मेलनमा १८ मुलुकका प्रतिनिधिहरुको सहभागी हुने जनाइएको छ।

अन्तर्राष्ट्रिय समन्वय समितिका महासचिव जनक राईका अनुसार मौलिक भाषा, संस्कृति, धर्म, संस्कार, लिपि, कला साहित्य, इतिहास पहिचानको संरक्षण सम्वर्द्धन एवम् विकास गर्न, त्यस सम्बन्धि खोज अनुसन्धान गर्न गर्न सम्मेलनको आयोजना गर्न लागिएको हो।

महासचिव राईले भने, 'सम्मेलनबाट विश्वभरी छरिएर रहेका किरात राईजाति बीच भाइचारा एवं सुमधुर सम्वन्ध स्थापित गर्ने लक्ष्य राखिएको छ। यसबाट सहकार्य, सहमति, सह-अस्तित्वसहित सम्पूर्ण किरात राईहरुलाई एकताको शुत्रमा बाध्नका लागि सहयोग गर्नेछ। विश्वमा रहेको किरात राईहरुको साझा सरोकारको विषयमा व्यापक छलफल गरी साझा धारणा निर्माण गर्न संसारभर रहेका राई समुदायलाई गोलबद्ध बनाउन सम्मेलन गर्दै आइरहेको महासचिव राईले बताए।

यसअघि २०६७ चैतमा पहिलो किरात राई अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा र दोस्रो सम्मेलन भारतको सिलिगुडीमा भएको थियो। तेस्रो बेलायतमा हुने भनेपनि कोरोनाको कारण नेपालमै हुनलागेको उपाध्यक्ष योगेश राईले बताए। यस्तै चौथो अन्तर्राष्ट्रिय सम्मेलन बेलायतमा हुने उपाध्यक्ष राईले बताए।

सम्मेलन सम्पन्न गर्न किरात राई अन्तर्राष्ट्रिय समन्वय समितिको अध्यक्ष दिवस राईको अध्यक्षतामा मूल आयोजक समिति गठन गरिएको छ। ११ वटा विभिन्न उपसमितिहरु गठन गरी उपसमितिहरुलाई सक्रिय बनाइएको छ।

सम्मेलनमा पूर्व पदाधिकारीहरु, १८ वटा विदेश शाखा तथा सम्बन्धन संस्थाहरु, २६ वटा किरात राई जन्य भाषिक संस्थाहरु, २ वटा किरात प्रदेश समन्वय समितिहरु, ८ वटा भातृ संस्थाहरु, २३ वटा जिल्ला कार्यसमितिहरु, समाजका अग्रज अभिभावक र विषयविज्ञहरुसहित ३ सय ७५ जना भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहने जनाइएको छ। सम्मेलनमा राष्ट्रिय जनगणना, किरात इतिहास र राई जाति, किरात राई भाषाहरुको अवस्था, किराती भाषामा आलेखन र लिपि प्रयोग, किरात धर्म र माङखिम, मुन्दुममा सुप्तुलुङको स्थान र प्रयोग, किरात प्रदेश अभियान शिर्षकमा २ दिनसम्म व्यापक छलफल गरी घोषणापत्र जारी गरिने संस्थाका अध्यक्ष राईले मध्यान्हलाई जानकारी दिए।

## चीनबाट १० लाख मात्रा खोप आइपुग्यो


**काठमाडौं/मस**–कोभ्याक्स सुविधा अन्तर्गत चीनबाट कोरोना भाइरस विरुद्धको भेरोसेल खोपको थप मात्रा नेपाल आइपुगेको छ। स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले १० लाख २० हजार मात्रा भेरोसेल खोप आइपुगेको जानकारी दिए।

उनका अनुसार सो खोपलाई टेकुस्थित भण्डारण केन्द्रमा राखिएको छ। यही कात्तिक ८ गते अमेरिकाले कोभ्याक्स मार्फत एक लाख ६२० मात्रा फाइजर खोप नेपाललाई उपलब्ध गराएको थियो।

**थप ६७२ जनामा कोरोना**

नेपालमा पछिल्लो बुधबार कोरोना भाइरसका ६ सय ७२ मा संक्रमित देखिएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्यांकमा नौ हजार ४९५ मा कोरोना परीक्षण गर्दा सो संख्यामा संक्रमण पुष्टि भएको हो। बुधबार थपिएकासँगै देशभर सक्रिय संक्रमित १० हजार ३७५ रहेका छन्। त्यसैगरी बुधबार ४९५ जना संक्रमणमुक्त भएका छन्।

## सिंहदरबारमा एक राउण्ड गोली फायर



**काठमाडौं/मस**– चेकजाँचको क्रममा बुधबार सिंहदरबारभित्र एक राउण्ड गोली फायर भएको छ।

राष्ट्रियसभाका उपाध्यक्ष शशीकला दाहालको निजी सुरक्षा गार्ड प्रहरी सहायक निरीक्षक अनुपमा भारतीको साथमा रहेको पेस्तोलबाट एक राउण्ड गोली फायर भएको हो।

संसद् सचिवालयको भवन नम्बर २ मा उक्त घटना भएको र त्यसबाट मानवीय क्षति नभएको जनाइएको छ।

डियुटी सकेर पेस्तोल चेकजाँच गर्ने क्रममा उक्त गोली फायर प्रहरीले जनाएको छ। घटनाको अनुसन्धान जारी रहेको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रवक्ता प्रहरी उपरीक्षक

---

**हेलम्बु गाउँपालिका**
**हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय,**
**हेलम्बु, सिन्धुपाल्चोक, बागमती, प्रदेश, नेपाल**
**को**

**प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination –IEE) सम्बन्धी सात (७) दिने सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७८।०७।०८)**

हेलम्बु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्धारा निम्न प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्ताव तथा प्रस्तावकको नाम र ठेगाना** | प्रस्तावः मेलम्ची खोला क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन् कार्य। प्रस्तावकः हेलम्बु गाउँपालिका, हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय, हेलम्बु, सिन्धुपाल्चोक ई-मेल : www.helamburm@gmail.com फोन नं. ९८४१४५६८२०, ९८६३९१०४० |
| **प्रस्तावको व्यहोरा** | हेलम्बु गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने वडा नं ४ तालामाराङ पुलदेखि वडा नं १ को पहिले रहेको चोक्पु पक्की पुल भएको स्थान सम्म मेलम्ची खोलाका बिभिन्न क्षेत्रबाट, हेलम्बु गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को अनुसुची १ खानी क्षेत्रमा उल्लेख मापदण्ड अनुसार खानीको प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण अनुरुप दिगो रुपमा ढुङ्गा, गिट्टी, वालुवा एवं ग्रावेल संकलन/उत्खनन् गरी बिक्री वितरण गर्ने कार्यलाइ व्यवस्थित गर्ने। |
| **प्रस्तावको प्रभावित क्षेत्र** | सिन्धुपाल्चोक जिल्ला, हेलम्बु गाउँपालिका वडा नं १,२,३,४,६,७ अन्तर्गतको वडा नं ४ तालामाराङ देखि वडा नं १ को पहिले रहेको चोक्पु पक्की पुलसम्म मेलम्ची खोला क्षेत्र। |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट प्रस्ताव क्षेत्रका जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणाली बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनि यकिन गर्न हेलम्बु गाउँपालिका, वडा समिति, बिद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र देहायम उल्लेखित ठेगानामा आइपुग्ने गरि लिखित राय सूझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | प्रस्तावकः हेलम्बु गाउँपालिका, हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय, हेलम्बु, सिन्धुपाल्चोक, ई-मेल : www.helamburm@gmail.com फोन नं. ९८४१४५६८२०, ९८६३९१०४० |
| **परामर्शदाताको नाम र ठेगाना** | श्री मिखा ईन्टरप्राइजेज प्रा.लि., अनामनगर, काठमाडौं केशव बोगटी (इंजिनीयर) ९८५८४८८३४९ |

---

**दुधौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुधौली, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

**क्याटलग/ब्रोसर सपिङ विधिबाट मोटरसाइकल तथा स्कुटर खरिद सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशन मिति : २०७८/०७/१० गते)**

यस कार्यालयको आ.व.२०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन मोटरसाइकल तथा स्कुटर सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो मोटरसाइकल तथा स्कुटर उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम मोटरसाइकल र स्कुटरको उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट उक्त मोटरसाइकल र स्कुटर सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ. व. २०७७/०७८ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त मोटरसाइकल तथा स्कुटर सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मुल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिनको** दिन कार्यालय समय भित्र मोटरसाइकल तथा स्कुटरको निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम **आह्वान** गरिएको छ। पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ। थप जनकारीका लागि यस कार्यालायको www.dudhaulimun.gov.np वा ०४७-४१२०४५ सम्पर्क गर्न सकिनेछ।

| सि.नं. | संक्षिप्त विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १. | Standard Motorbike | ६ | यहाँ उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |
| २. | Standard Scooter | १ | यहाँ उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ। |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**भंगहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी**

**आर्थिक बर्ष ०७८/०७९ मा नदीजन्य पदार्थ संकलन, उत्खनन् र घाटगद्दी गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान**

**दोश्रो पटक प्रकाशित मिति :२०७८।०७।११**

यस नगरपालिकाको क्षेत्रभित्र पर्ने **रातु नदी हतिसरवा खण्ड, रातु नदी भुताहा खण्ड, भुताहा खोला र सानो रातु खोला, रातु नदी रामनगर विर्ता खण्डहरुबाट** ढुंगा, गिट्टी र बालुवा लगायत नदिजन्य पदार्थहरु (दहत्तर बहत्तर) संकलन, उत्खनन् र घाटगद्दी गरी निकासी एवंम बिक्री वितरण गर्ने कार्य निर्धारित मापदण्डहरु तथा नगरपालिकाले तोकेका शर्तहरु बमोजिमको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट **१५(पन्ध्र) दिन** भित्र रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र **पुनः** आव्हान गरिएको छ | निर्धारित शर्तहरु यस नगरपालिकाको वेवसाइट www.bhagahamun.gov.np मा राखिएको छ |

| क्र. सं. | सूचना नं./ ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | उत्खनन् बस्तु | कुल उत्खनन् परिमाण (क्यु.फिट.) | न्युनतम अकं ठेक्का रकम (सेवा शुल्क र भ्याट बाहेक) | न्युनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/NCB/ Bhangaha /०७८/७९ | नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) संकलन , उत्खनन् र घाटगद्दी गरि निकासी एवंम बिक्री वितरण गर्ने | रातु नदी हतिसरवा खण्ड, रातु नदी भुताहा खण्ड, भुताहा खोला र सानो रातु खोला, रामनगर विर्ता खण्ड | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा (दहत्तर बहत्तर) | 55,02,13०.99 | रु.3,85,14,916।93 | कबोल अंकको ५% | रु.३०००|- |

प्रमुख प्रशासकीय अधिकृत


**युएईमा रोजगार | कम्पनी : TMAX ON DEMAND LABORS SUPPLY शहर: DUBAI**

पूर्व स्वीकृत मिति: २०७८/०७/०९ चलानी नं.: ६०१६६२८८ L.T. No.: 249269

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Messenger | 40 | 0 | स. काममा दक्ष | 1000 | ३२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कातिक १८ गते (4 November 2021) मा हुनेछ।

[illegible]

**PEOPLE H.R.S. PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Gov. Lic No. 1475/074/075 Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

**साउदीमा रोजगार | कम्पनी: AYED BIN MUHAMMED BIN MUBARAK AL HAJRI CONTRACTING EST. शहर: Dammam**

पूर्व स्वीकृत मिति: २०७८/०७/१० चलानी नं.: ६०१६६४५४ L.T. No.: 248916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कातिक १८ गते (4 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्रे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४४७६११४, ४४७६११७
Mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np
श्रम इजाजत नं. ५७३/०६२/०६३

**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CONSEGNA DELIVERY SERVICE LLC-DUBAI BRANCH शहरः UAE
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ चलानी नं.: ६०१६६३३१ LT. No.: 249340

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 135 | 0 | स. काममा दक्ष | 1700 | ५५,३६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कार्तिक १८ गते (4 November 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Top Jobs Int'l Employment Services Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel.: 014375824, 014375822, 9841781155 / 9801100280
श्रम इजाजत नं. १२५६/०७४/०७५

## सम्पादकीय

# संविधान नमान्ने दलहरू

यतिबेला प्रमुख राजनीतिक पार्टीहरू अधिवेशनको चटारोमा छन् । सत्तारूढ नेपाली काँग्रेसले बुधबार मात्रै १४औं महाधिवेशनको मिति फेरि हेरफेर गरेको छ । ९–१३ मंसिरमा निर्धारित महाधिवेशन २७ मंसिरदेखि गर्ने भएको छ । प्रमुख विपक्षी दल नेकपा एमालेले वडा र पालिका अधिवेशन गरिरहेको छ । ६ कात्तिकमा वडा र ९ कात्तिकमा पालिका अधिवेशन गरेको छ । सत्तारूढ दलहरू नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) ले पनि राष्ट्रिय सम्मेलन गर्दैछ । राजनीतिक पार्टीका नेता कार्यकर्ताले अरू बेला समावेशी मुद्दालाई जोडले उठाउने गरेका छन् । तर, पार्टी नेतृत्व छनोटमा भने समावेशितालाई वेबास्ता गर्ने गरिएको देखिएको छ । उनीहरूले कानूनी कारबाहीबाट बच्न पार्टी कमिटीहरूमा महिला, दलित, जनजातीहरूलाई राख्ने गरेपनि कार्यकारी पदहरूमा भने उपेक्षा गर्ने गरेका छन् ।

अध्यक्ष, सचिव जस्ता कार्यकारी पदमा अधिकाशं पार्टीभित्र खायआर्यकै दवदवा देखिन्छ । एमाले र काँग्रेसको विभिन्न तहका निर्वाचनमा चयन गर्दा समावेशी संरचना बनाउन सकेको देखिदैन । एमाले र काँग्रेस मात्र होइन, महाधिवेशन तयारीमा रहेका माओवादी, राप्रपा, एकीकृत समाजवादी लगायत पार्टीको अवस्था पनि त्यस्तै छ । उनीहरू सबै वास्तविक रूपमा समावेशितालाई अपनाउनु भन्दा पनि आफ्नो पार्टीमाथि असमावेशीको आरोप नलागोस् र कानूनी रूपमा कारबाहीमा नपरिओस भनेर मात्रै नेतृत्वमा महिला र दलित जनजाती कोटा पुरा गर्ने गरेको स्पष्ट छ ।


समावेशिता मूल मर्म देशका सबै नागरिक र समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण हुनुपर्छ भन्ने हो । त्यही मान्यताको आधारमा नेपालका राजनीतिक पार्टीहरूले आफ्ना एजेण्डाहरू बनाउने गरेका छन् भने संविधानमा पनि समावेशिताको मुद्दालाई स्थापित गरिएको छ । तर, कार्यान्वयनको क्रममा भने राजनीतिक पार्टीहरूले वास्तविक रूपमा समावेशिताको मद्दालाई सम्बोधन गर्ने भन्दा पनि औपचारिकता दिने मात्र काम गरिरहेका छन् । त्यसको असर केवल राजनीतिक पार्टीको नेतृत्वमा मात्र नभएर समाजका सबै तह र तप्कामा परिरहेको छ ।

त्यसैले संवैधानिक रूपमै समावेशिताको हक सुनिश्चित भए पनि जुन रूपमा त्यसले परिणाम दिनुपर्ने हो, त्यो अनुसारले परिणाम भने दिन सकेको छैन । यसले देशको सिंगो विकास प्रकृयालाई रूपान्तरण गर्न अवरोध सिर्जना गरिरहेको छ भन्नेमा शंका छैन । यो कुरालाई महसुस गरेर राजनीतिक पार्टीका नेताहरूले बेलैमा आफ्नो पुरातनवादी सोंच त्यागेर पार्टीका कमिटी र राज्य संयन्त्रमा समावेशितालाई प्रभावकारीरूपमा लागू गर्ने आंट गर्न सक्नु पर्छ ।

## सामाजिक सञ्जाल


खड्गप्रसादको सेटिङले जहाँ–जहाँ कोतर्यो त्यहीँ–त्यहीँ उस्रदैछ । सर्वोच्चमा त उस्रेको मात्रै होइन पाकी नै सक्यो । एउटो चटके केही गरि सरकारमा पुग्यो भने उसको अयोग्यताको असर उ सत्तामा रहुन्जेलमात्रै होइन जुगौसम्म पर्छ । ओली शासनको असरभार अझै पनि मुलुकले झेल्नै बाँकी छ ।

- रवि मिश्र


परमादेशले देश बचेको होईन प्रमज्यु; लोकतन्त्रको "स्पाईनल कर्ड ईन्ज्योर्ड" भएको छ । न्यायालयलाई सत्तारोहणको भर्‍याङ बनाएर जनमतलाई लात मार्ने दुस्प्रयासले तत्कालको लागि कसैलाई फाइदा पुगेपनि यसको दिर्घकालिन असरले सबैले सताउनेछ ।


- सुनिल चाम्लिङ


ओलीले सहि पथमा ल्याइसकेको राजनीति फेरी कहाँ–कहाँ सम्म कसरी दुषित हुँदै फैलियो दुनिया देखिरहेको छ । यसको विकल्प चुनाव, चुनाव र चुनाव मात्रै हो । नत्र डेड वर्ष देशले गठबन्धनका नेताहरू र न्यायालयका न्यायामुर्तीहरू बीचको बार्गेनिङ बिताउनुपर्नेछ !

- नवराज सोती


सबैलाई थाहा भएकै हो, न्यायालयमा सरकार र बिपक्ष पार्टीहरूले भागबन्डामा न्यायाधिशहरू नियुक्ति गरेकै हुन । दलाल पार्टीहरूले न्यायालय जस्तो पवित्र ठाउँमा भागबन्डा लिन हुने न्यायालयले चाहीँ विदेशीले स्थापना गरिदिएको अपवित्र ठाउँमा भागबन्डा लिन किन नहुने ? सरकार र प्रधानन्याधिशको संयुक्त राजीनामा ।

- पुरूषोतम ढुंगेल


मन्त्रीहरूले विदेशी राजदूतसँग भेटेकोमा गर्व गरे जस्तो किन गर्छन्, आफ्ना तस्बीर ट्विट गरेर ? खुसी हुनुपर्ने त राजदूतहरू होइन र, मन्त्रीले भेट दिएकोमा ? भेटमा तात्विक के कुरा भए गरिए चै थाहा नहिने ! यस्तो भेटवारे सूचना मन्त्री, होइन आवश्यकताअनुसार मन्त्रालयहरूले सार्वजनिक गर्दा राम्रो ।

- देवेन्द्रराज पाण्डे

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# कम्युनिष्ट आन्दोलन र समाजवाद

